उमाकुण्ड गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

प्रिति, रामेछाप
बागमती प्रदेश, नेपाल

उमाकुण्ड गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय प्रिती, रामेछाप बागमती प्रदेश, नेपाल

पत्र सख्या:-०८१/०८२
चलानी नं:-

---

## कृषि कार्यक्रम सञ्चालनको लागि आवेदन पेश गर्ने सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मितिः-२०८१/०५/२३ गते**

**नेस.११४४ जंलाथ्व ५,आइताबार**

उमाकुण्ड गाउँपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लेखित कार्यक्रमहरु सञ्चालन हुने हुँदा उमाकुण्ड गाउँपालिका भित्रका ईच्छुक कृषक/कृषक समूह/कृषि फर्म/कृषि सहकारी संस्थाहरुलाई कार्यक्रममा सहभागी हुनको लागि देहाय बमोजिमको कागजात सहित सूचना प्रकाशन भएको मितिले ३०(तिस) दिन भित्र कृषि विकास शाखामा वा सम्बन्धित वडा कार्यालयमा आवेदन पेश गर्न हुन जानकारीको लागि सूचना प्रकाशित गरिएको छ। साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

..........
रामचन्द्र लामा
प्रमुख प्रशासकीय अधिकृत

तपशिलः-

| क्र.स. | कार्यक्रमको नाम | संख्या | अनुदान सहयोग |
|---|---|---|---|
| १. | ५० प्रतिशत अनुदानमा हाते ट्याक्टर, कम्वाईन राईस मिल, कम्वाईन थ्रेसर, स्प्रे ट्याकीं खरिद तथा वितरण कार्यक्रम | १ | ५० प्रतिशत |
| २. | ५० प्रतिशत अनुदानमा हिउँदे फलफूल(किवी, दन्ते ओखर, स्याउ) विरुवा वितरण कार्यक्रम | १ | ५० प्रतिशत |

आवश्यक कागजातहरुः-

१ तोकिएको ढाँचामा निवेदन-१
२ सम्बन्धित वडा कार्यलयको सिफारिस-१
३ कृषक समूह, कृषि फर्म, कृषि सहकारीको हकमा दर्ता प्रमाणपत्र तथा नविकरण गरेको प्रमाणपत्र, स्थायी लेखा नम्वर, कर चुक्ता, कार्यक्रममा सहभागी हुने सदस्यहरुको नागरिकताको प्रतिलिपि, संस्थाको निर्णय प्रतिलिपी-१
४ नेपाली नागरिकताको प्रतिलिपी-१
५ जग्गा धनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, साथै जग्गा धनीको नाम लालपुर्जा नभएमा मन्जुरीनामा-१
६ जग्गा भाडामा लिएको भए कम्तिमा ५ बर्ष सम्मको सम्झौता/मन्जुरीनामा कार्यालयको प्रमाणीत प्रतिलिपी-१
७ तिरो तिरेको रसिदको प्रतिलिपी-१

**नोटः- गत विगत आ.व.मा अनुदान प्राप्त नगरेका कृषक,कृषक समूह,कृषि फार्म, कृषि सहकारीहरुलाई प्राथमिकता दिइनेछ।**

---


Email:-ito.umakundamun@gmail.com, web:-www.umakundamun.gov.np,